राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २०० २०८२ फागुन १० गते आईतवार (22 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## लगातार ७ दिन सार्वजनिक बिदा

दैनिक समाचारदाता
काठमाडौँ १० फागुन ।फागुन २१ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरेको छ ।
आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अनुसार निर्वाचनमा सबै मतदाताको सहभागीताका लागि फागुन २०, २१ र २२ गते गरी तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरिएको हो । 'हामीले फागुन २१,२२ र २३ गते सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेका छौं । स्वीकृत गर्ने नगर्ने सरकारको कुरा हो', भण्डारीको भनाइ छ ।
यदि आयोगको सिफारिस अनुसार सरकारले बिदा स्वीकृत गरेमा लगातार ७ दिन सार्वजनिक बिदा हुने भएको छ । फागुन १८ र १९ गते दुई दिन होली पर्व, २० देखि २१ निर्वाचन तथा २३ र २४ गते शनिबार र आइतबार अन्तर्राष्ट्रिय नारी दिवस समेत पर्ने भएकाले लगातार सात दिन बिदा हुने भएको हो ।

## रौतहटको गौरमा लम्बियो कर्फ्यु

दैनिक समाचारदाता
रौतहट, १० फागुन । जिल्ला प्रशासन कार्यालय रौतहटले फागुन ९ गते शनिवार दिउँसो १ बजेदेखि जारी गरेको कर्फ्यु आदेश अर्को आदेश नहुन्जेलसम्मका लागि थप गरिएको छ ।
धार्मिक एवम् सामाजिक विषयलाई लिएर दुई समुदायबिच तनाव बढेपछि शनिबार रातिदेखि लगाइएको कर्फ्यु आइतबार बिहान ८:३० बजेदेखि पुनः लम्ब्याइएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको हो ।
रौतहटका प्रमुख जिल्ला अधिकारि दिनेश सागर भुषालले शनिबार दिउँसो १ बजेदेखि लगाइएको कर्फ्यु आइतबार बिहान ६:३० बजेसम्म रहने बताउनुभएको थियो । आइतबार बिहान ६:३० देखि ८:३० बजेसम्म कर्फ्यु आदेश खुकुलो पारिएको उहाँले जानकारी दिनुभयो । अत्यावश्यक कार्यका लागि दुई घण्टा खुकुलो पारिएको जानकारी दिनु हुँदै प्रमुख जिल्ला अधिकारि भुषालले सो अबधिमा कुनै भेला, जुलुस तथा प्रदर्शन गर्न नपाइने बताउनुभयो ।
आइतबारदेखि अर्को आदेश नभएसम्मका लागि कर्फ्यु रहने उहाँले जानकारी दिनुभयो । पूर्वमा मुडवलबा गेट, पश्चिममा लालबकैया बाँध, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालय क्षेत्रमा कर्फ्यु लगाइएको छ ।
उहाँका अनुसार विवादको समाधान खोज्ने प्रयास भइरहेको छ । प्रदर्शनकारीहरूले शनिबार ६ वटा मोटरसाइकल र दुई जिपमा आगजनी गरेको छ । बिहिबार राति सवगढामा विवाहको जन्ती बाजा बजाउँदै आउँदा मस्जिद अगाडि अवरोध भएपछि विवाद चर्किएको थियो । विवाद उग्ररुप लिएपछि स्थति सहज पार्न शुक्रबार साँझ भएको वार्तामा सामाजिक सद्भाव कायम गर्ने, संयमता अपनाउने र आउँदो २१ गते हुने निर्वाचनमा सबैको सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता दोहोर्याइए पनि कार्यान्वयन नभएपछि स्थति

बाँकी ४ पृष्ठमा

# चुनावको मुखमा जसपा नेपालबाट बाहिरियो तमलोपा

दैनिक समाचारदाता
जनकपुरधाम, १० फागुन । प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा मधेश केन्द्रित राजनीतिक शक्तिहरू पुनः एकपटक अस्थिरता र पुनर्संरचनाको घेरामा प्रवेश गरेका छन् । यही फागुन २१ गते हुने निर्वाचनलाई लक्षित गर्दै दलहरू घरदैलो अभियान, गठबन्धन र रणनीतिक समीकरणमा व्यस्त छन् । तर चुनावी उत्साहकै बीचमा तराई-मधेस लोकतान्त्रिक पार्टी ( तमलोपा)ले उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी, नेपाल (जसपा नेपाल) सँगको सम्बन्ध विच्छेदको घोषणा गर्दै मधेश राजनीतिमा नयाँ बहस जन्माएको छ ।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले आइतबार जारी गरेको प्रेस विज्ञप्तिमा जसपा नेपालसँग आफ्नो पार्टीको कुनै सम्बन्ध नरहेको स्पष्ट पारेका छन् । पुस २७ गते मात्र औपचारिक रूपमा सम्पन्न भएको एकीकरणप्रति असन्तुष्टि जनाउँदै उनले राजनीतिक मर्यादा, आत्मसम्मान र संस्थागत मूल्यहरूको अवमूल्यन भएको आरोप लगाएका छन् ।

यो घटनाक्रम केवल एउटा पार्टीको अलगाव होइन; यो मधेशवादी राजनीतिभित्रको दीर्घकालीन असन्तोष, अविश्वास र नेतृत्वगत द्वन्द्वको परिणामका रूपमा पनि हेरिन सक्छ । विगत केही वर्षदेखि मधेश केन्द्रित दलहरू निरन्तर विभाजन र एकीकरणको चक्रमा फसेका छन् । सिद्धान्त र एजेन्डाभन्दा नेतृत्वको अहं र शक्ति-सन्तुलनको गणित हाबी हुँदा स्थायी



दर्ता नं. १७५/२०७८/०७९

तराई-मधेश लोकतान्त्रिक पार्टी
केन्द्रिय कार्यालय
TERAI-MADHESH DEMOCRATIC PARTY
Central Office
Janakpurdham, Dhanusha, Nepal

मिति २०८२/११/१०

प्रेस-विज्ञप्ति

२०८१/८/२४ गते संघिय लोकतान्त्रिक गणतन्त्र तथा सिमान्तिकरणमा पारिएका मधेशी, थरुहट, आदिवासी-जनजाति, दलित, मुस्लिम लगायतकाहरुको एजेन्डाप्रति प्रतिवद्ध राजनीतिक शक्तिहरुको बृहत् राजनीतिक शक्ति निर्माण गर्न लोकतान्त्रिक समाजवादी पार्टी, जनता प्रगतिशील पार्टी र तराई-मधेश लोकतान्त्रिक पार्टी एकीकृत हुने सहमति भएको थियो तर त्यस अनुसार एकीकरणको प्रक्रिया पूरा हुन सकेन । मिति २०८२/०९/२७ गते लोसपा र जसपाको एकीकरण भयो जसको सहमति तथा त्यस पश्चात् एकीकरणको प्रक्रियामा समेत तराई-मधेश लोकतान्त्रिक पार्टीको संस्थागत सहभागिता गराइएन । मधेशी लगायत सिमान्तिकरणमा पारिएकाहरुको एजेन्डा सहित बृहत् राजनीतिक शक्ति निर्माण गरी विगतमा भएका त्रुटिहरुमा सुधारको सन्देश सहित एकजूट भई आगाडि बढ्ने मानसिकता समेत देखिएन । यस परिस्थितिलाई ध्यानमा राख्दै, तमलोपाको केन्द्रीय कार्यसमितिका साथीहरुको सम्मति अनुसार राजनीतिक मर्यादा, आत्मसम्मान र संस्थागत मूल्यको महत्त्वलाई ध्यानमा राखी २०८२/०९/२७ गते एकीकृत भएको जसपासंग तराई-मधेश लोकतान्त्रिक पार्टीको कुनै समबन्ध नरहेको सार्वजनिक गर्दछौं ।

तराई-मधेश लोकतान्त्रिक पार्टी मधेशी, थरुहट, आदिवासी-जनजाति, दलित, मुस्लिम लगायतकाहरुको एजेन्डाको निमित्त निरन्तर कार्यरत रहिरहने प्रतिवद्धता व्यक्त गर्दै आगामी २०८२ फागुन २१ गते हुने निर्वाचनमा गणतन्त्र, संघियता र समावेशी लोकतन्त्र प्रति आस्था राख्ने उम्मेदवारलाई मतदान गर्न सबैसंग अपील गर्दछौं ।

(वृषेशचन्द्र लाल)
केन्द्रीय अध्यक्ष

राजनीतिक संरचना निर्माण हुन सकेको छैन ।

तमलोपाको प्रारम्भिक एकता लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग भएको थियो । पछि लोसपा र जसपा नेपालबीच एकीकरण भयो । तर तमलोपाका अनुसार उक्त प्रक्रियामा संस्थागत सहभागिता र सम्मानजनक स्थान नदिइएको गुनासो छ । यसअघि गत मंसिर २४ गते लोसपा, जनता प्रगतिशील पार्टी र तमलोपा एकीकृत हुने सहमति भए पनि प्रक्रिया पूर्ण रूपमा कार्यान्वयन हुन सकेन ।

यस घटनाले मधेश राजनीतिमा 'एकीकरण' शब्दप्रति नै प्रश्नचिन्ह खडा गरेको छ । के यी एकीकरणहरू विचार र कार्यक्रमको आधारमा भएका हुन्, वा केवल चुनावी अंकगणित मिलाउन गरिएको तात्कालिक रणनीति मात्र हुन् ? यदि संस्थागत प्रक्रियालाई बेवास्ता गर्दै शीर्ष नेतृत्वबीचको सहमतिमा मात्र निर्णय हुने हो भने तल्लो तहका कार्यकर्ता र जनतामा असन्तोष स्वाभाविक रूपमा बढ्नेछ ।

तमलोपाले विज्ञप्तिमार्फत मधेसी, थरुहट, आदिवासी-जनजाति, दलित, मुस्लिम लगायत सिमान्तीकृत समुदायहरूको एजेन्डालाई निरन्तर उठाइरहने प्रतिबद्धता जनाएको छ । साथै, फागुन २१ गते हुने निर्वाचनमा गणतन्त्र, संघीयता र समावेशी लोकतन्त्रप्रति आस्था राख्ने उम्मेदवारलाई मतदान गर्न आग्रह गरेको छ । यसले तमलोपा आफूलाई केवल मधेशवादी शक्ति मात्र नभई समावेशी लोकतान्त्रिक आन्दोलनको निरन्तरता रूपमा प्रस्तुत गर्न खोजिरहेको संकेत दिन्छ ।

तर यहाँ मूल प्रश्न के उठ्छ भने—साना-साना विभाजनले मधेशको राजनीतिक शक्ति सुदृढ हुन्छ कि कमजोर ? विगतका निर्वाचन परिणामहरूले देखाएको

बाँकी ४ पृष्ठमा


## पाठेघरको मुखको क्यान्सरका लक्षण

- अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु ।
- योनिबाट बढी मात्रामा सेतो पानी बग्नु ।
- शारीरिक सम्बन्धको समयमा दुखाइ हुनु ।
- शारीरिक सम्बन्धपछि रगत बग्नु ।
- तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।
- पिसाब गर्दा दुख्नु वा रगत देखिनु।
- शरीर कमजोर हुनु।

*यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# कमला नदी पुल : वाचा होइन, परिणाम चाहियो

मधेशको 'लाइफलाइन' मानिने पूर्व-पश्चिम हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहाको सीमास्थित कमला नदीमा निर्माणाधीन पुल विगत डेढ दशकदेखि राजनीतिक वाचाको पर्याय बनेको छ। प्रत्येक निर्वाचनमा दल र तिनका उम्मेदवारहरूको प्रमुख चुनावी एजेन्डा बन्ने यो पुल अझैसम्म पूर्णता पाउन सकेको छैन। विकासको मेरुदण्ड हुनुपर्ने संरचना उल्टै असफलता, लापरबाही र गैरजवाफदेहिताको प्रतीक बन्दै गएको छ।

कमला नदीमाथिको ४६९.२ मिटर लामो पुल निर्माणको प्रक्रिया सुरु हुँदा मधेशवासीमा ठूलो आशा जागेको थियो। धनुषा, सिरहा र सप्तरीका नागरिकका लागि यो केवल भौतिक संरचना होइन, दैनन्दिन जीवन, व्यापार, शिक्षा, स्वास्थ्य र सामाजिक सम्बन्धको आधार थियो। तर आशाको त्यो आधार पटक-पटक बाढी, डिजाइन त्रुटि र निर्माण कम्पनीको लापरबाहीका कारण भत्किँदै गयो।

२०७८ साल असार १७ गते आएको सामान्य बाढीले सिरहातर्फको दोस्रो पाया भत्कायो। त्यसपछि २०८९ साल कात्तिक ३ गते आएको अर्को बाढीले धनुषातर्फको तेस्रो पाया क्षतिग्रस्त बनायो। सामान्य बाढीमै संरचना ढल्नु आफैंमा गम्भीर प्रश्न हो– के डिजाइन वैज्ञानिक थियो? के निर्माण सामग्री गुणस्तरीय थियो? के अनुगमन प्रभावकारी थियो? यी प्रश्नको स्पष्ट उत्तर आजसम्म कसैले दिएको छैन।

जनकपुरधामबाट करिब ३१ किलोमिटर पूर्वमा अवस्थित उक्त पुल भत्किएपछि सिरहा बजार पुग्न ढल्केवर, चौहर्वा र मिर्चौं हुँदै करिब ९० किलोमिटर लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ। यसले समय, इन्धन र श्रमको अतिरिक्त भार नागरिकमाथि थोपरेको छ। बिरामी बोक्ने एम्बुलेन्सदेखि दैनिक उपभोग्य वस्तु ओसार्ने साना व्यापारीसम्म सबैले यसको मूल्य तिर्दै आएका छन्। विकासको नाममा विनियोजित बजेट खर्च भइसक्दा पनि नागरिकले सुविधा होइन, सास्ती पाएका छन्।

हुलाकी राजमार्ग निर्देशनालय, जनकपुरका अनुसार २४ करोड ९० लाख रुपैयाँमा ठेक्का लागेको पुल निर्माणमा हालसम्म २३ करोड १९ लाख रुपैयाँ खर्च भइसकेको छ। तर परिणाम शून्य छ। ठेक्का प्रक्रियामा पटक-पटक परिवर्तन हुनु, निर्माण कम्पनीमाथि कडा कारबाही नहुनु र राजनीतिक संरक्षणको आशंका उठ्नुले राज्य संयन्त्रको विश्वसनीयता कमजोर बनाएको छ।

स्थानीयवासीका अनुसार २०७८ जेठदेखि पुल भत्किएपछि विभिन्न दलका नेता, मन्त्री र प्रधानमन्त्रीसमेत निरीक्षणका लागि आउने क्रम चलेको छ। निरीक्षणपछि एउटै वाक्य दोहोरिन्छ– "अब चाँडै पुल बन्छ।" तर त्यो 'चाँडै' कहिल्यै आउँदैन। सिरहाका देवकुमार यादवको भनाइले जनभावना स्पष्ट पार्छ–यो पुल नेताहरूका लागि स्थायी चुनावी एजेन्डा बनेको छ। १५ वर्षमा जति सरकार बने, सबैले एउटै आश्वासन दोहोऱ्याए; परिणाम भने उही निराशा।

आसन्न प्रतिनिधिसभा निर्वाचनमा यस क्षेत्रबाट २४ जना उम्मेदवार मैदानमा छन्। अघिल्ला निर्वाचनहरूमा जस्तै यसपटक पनि 'कमला पुल बनाइदिन्छु' भन्ने नारासहित घरदैलो कार्यक्रम चलिरहेको छ। सिरहाको भलुवाहीका समाजसेवी चन्द्रदेव कामतीको आक्रोश स्वाभाविक छ–अब पुल चुनावी एजेन्डामै सीमित भएको छ। प्रश्न उठ्छ–कति पटक एउटै सपना देखाएर मत माग्ने?

कमला पुल मधेशको विकास, आवागमन र आर्थिक गतिविधिको मेरुदण्ड बन्नुपर्ने थियो। तर अहिले यो राजनीतिक भाषणको 'रेडीमेड' विषय बनेको छ। चुनाव आउँछ, पुलको चर्चा चर्किन्छ; चुनाव सकिन्छ, चर्चा सेलाउँछ। यसरी विकासका परियोजना मतदाताको भावनासँग खेल्ने औजार बन्नु लोकतन्त्रकै अपमान हो।

अब आवश्यक छ–एजेन्डा होइन, परिणाम। पहिलो, डिजाइन र प्राविधिक पक्षको स्वतन्त्र प्राविधिक अडिट गरिनुपर्छ। दोस्रो, निर्माण कम्पनीको जिम्मेवारी र क्षतिपूर्ति सुनिश्चित गरिनुपर्छ। तेस्रो, अनुगमन संयन्त्रलाई राजनीतिक प्रभावबाट मुक्त राखी पारदर्शिता कायम गरिनुपर्छ। चौथो, समयसीमा तोकी सार्वजनिक रूपमा प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्छ, ताकि नागरिकले प्रत्यक्ष निगरानी गर्न सकून्।

सबैभन्दा महत्त्वपूर्ण कुरा–मतदाता स्वयं सचेत हुनुपर्छ। केवल भाषण र आश्वासनका आधारमा होइन, विगतको कार्यसम्पादनका आधारमा मत दिने संस्कार विकास गर्नुपर्छ। लोकतन्त्रमा मत केवल अधिकार होइन, उत्तरदायित्व पनि हो। यदि नागरिकले प्रश्न सोध्न छाडे भने अधूरा पुलहरू सधैं चुनावी मञ्चमा उभिरहन्छन्।

कमला पुल केवल नदीमाथिको संरचना होइन; यो राज्यको प्रतिबद्धता र विश्वसनीयताको परीक्षण हो। मधेशवासीले अब शब्द होइन, ठोस परिणाम चाहेका छन्। विकासको नाममा दोहोरिने खोक्रा नाराले होइन, समयमै सम्पन्न हुने कामले मात्र विश्वास पुनर्स्थापित गर्न सक्छ। कमला पुललाई चुनावी भाषणको प्रतीक होइन, समृद्ध मधेशको वास्तविक आधार बनाउने समय अब ढिला भइसकेको छ।

# बहुजन एकताको बाटोमा असली समाजवाद




चन्देश्वर सादा

नेपालमा राजनीतिक परिवर्तनका धेरै अध्यायहरू लेखिए, संविधान फेरिए, शासन व्यवस्था बदलियो, तर समाजको गहिराइमा जरा गाडेर बसेको जातीय विभाजन र असमानताको संरचना अझै पूर्ण रूपमा भत्किएको छैन। यही यथार्थका बीच चन्देश्वर सादाको विचार स्पष्ट रूपमा उभिन्छ–असली समाजवादको स्थापना "बहुजन हिताय, बहुजन सुखाय" को मूल भावनामा आधारित हुनुपर्छ, र त्यसका लागि मुद्दा मिल्ने शक्तिहरूको मत एकत्रित हुनु आजको टड्कारो आवश्यकता हो। समाजवाद केवल राजनीतिक नारामा सीमित रहने शब्द होइन; यो बहुसंख्यक पीडित, उत्पीडित र श्रमजीवी जनताको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने सामाजिक-राजनीतिक संरचना हुनुपर्छ।

मधेशको सन्दर्भमा हेर्दा समस्या अझ जटिल र गहिरो देखिन्छ। यहाँ दलित चेतना आफ्नै पीडामा केन्द्रित छ, पिछडा वर्ग आफ्नै अवसर र प्रतिनिधित्वको खोजीमा छ, थारू र आदिवासी समुदाय आफ्नो पहिचान र अधिकारको संघर्षमा छन्, मुस्लिम तथा अन्य धार्मिक अल्पसंख्यक समुदाय आफ्नो अस्तित्व र सम्मानको लडाइँमा छन्। यी सबै चेतनाहरू आ-आफ्नो ठाउँमा जायज छन्, तर खण्डित छन्। यही खण्डित अवस्थाले मधेशी बहुजनलाई शक्ति-समीकरणको केन्द्रमा पुग्न नदिई सधैं किनारामा राखेको छ।

माग्ने र दिने ठाउँबीचको अन्तर बुझ्न आवश्यक छ। माग्ने ठाउँमा पुग्नु भनेको राज्यसत्तासँग अधिकारका लागि अपिल गर्नु हो। दिने ठाउँमा पुग्नु भनेको नीति निर्माण र स्रोत-साधन वितरणको निर्णय गर्ने स्थानमा पुग्नु हो। खण्ड-खण्डमा विभाजित चेतनाले माग त गर्न सक्छ, तर दिने ठाउँमा पुग्न सक्दैन। मधेशी बहुजन आज आन्तरिक रूपमा मधेशी अल्पजनको वर्चस्वबाट र बाह्य रूपमा नेपाली सवर्ण राज्यसत्ताको संरचनाबाट प्रताडित छन्। यस्तो दोहोरो दबाबबाट मुक्ति पाउन साझा बहुजन चेतनाको विकास अपरिहार्य छ।

बहुजन चेतना भनेको केवल जनसंख्याको बहुलता होइन। यो साझा पीडा, साझा इतिहास र साझा भविष्यप्रतिको प्रतिबद्धता हो। वर्ण-व्यवस्था र जातीय श्रेणीकरणले निर्माण गरेको मनोवैज्ञानिक विभाजन तोडेर समानताको आधारमा नयाँ सामाजिक सम्बन्ध निर्माण गर्नु नै यसको सार हो। द्य. च. ब्दभमपबच ले राजनीतिक लोकतन्त्रलाई सामाजिक लोकतन्त्रबिना अधुरो मानेका थिए। स्वतन्त्रता, समानता र भ्रातृत्वलाई व्यवहारमा उतार्न नसक्दा राजनीतिक परिवर्तन स्थायी हुँदैन। मधेशमा पनि यही सत्य लागू हुन्छ। सामाजिक लोकतन्त्रको आधार बलियो नभएसम्म राजनीतिक प्रतिनिधित्वले अपेक्षित परिणाम दिन सक्दैन।

चन्देश्वर सादाले जमात निर्माणलाई आध्यात्मिक लोकतन्त्रको दर्शनसँग जोडेर हेर्नुहुन्छ। यहाँ आध्यात्मिकताको अर्थ कुनै कर्मकाण्ड वा धार्मिक अनुष्ठान होइन; मानव गरिमा र समानताको आन्तरिक चेतना हो। जात-व्यवस्थाका तमाम अवशेष नष्ट गर्न कानुनी व्यवस्था मात्र पर्याप्त हुँदैन, सामाजिक व्यवहारमा रूपान्तरण अनिवार्य हुन्छ। सहभोजको परम्परा विकास गर्नु, अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नु, जात-व्यवस्थाले निर्माण गरेका विभेदकारी ग्रन्थ र मान्यताको व्यावहारिक बहिष्कार गर्नु, रोटी-बेटी सम्बन्धमा समानताको व्यवहार स्थापित गर्नु–यी सबै कदमहरूले समाजलाई 'जात' बाट 'जमात' तर्फ रूपान्तरण गर्न सहयोग पुऱ्याउँछन्।

जातको अर्थ हो–विभाजन, श्रेणीकरण र श्रेष्ठता-हीनताको मनोविज्ञान। जमातको अर्थ हो–साझा उद्देश्य, समान सम्मान र सामूहिक संघर्ष। जब दलित, पिछडा वर्ग, थारू, आदिवासी, मुस्लिम तथा अन्य अल्पसंख्यक समुदाय एउटै सामाजिक-राजनीतिक परियोजनामा संगठित हुन्छन्, तब मात्र शक्ति-सन्तुलन परिवर्तनको सम्भावना बलियो हुन्छ। अन्यथा, विभाजनकै कारण बहुजन शक्ति कमजोर र विखण्डित रहिरहन्छ।

यही सन्दर्भमा दलित, पिछडा वर्ग, थारू, आदिवासी जनजाति तथा अल्पसंख्यक समुदायलाई एकै छातामुनि संगठित गर्ने प्रयास अपरिहार्य देखिन्छ। संगठनात्मक सशक्तिकरणबिना चेतना स्थायी हुँदैन। साझा न्यूनतम कार्यक्रम, साझा आन्दोलन र साझा राजनीतिक हस्तक्षेपका माध्यमबाट मात्र बहुजन परियोजना सफल हुन सक्छ। विगतको अनुभवले देखाएको छ–विभाजित मत र विखण्डित नेतृत्वले बहुजन समुदायलाई सधैं उपयोग मात्र गराएको छ, सशक्त बनाएको छैन। असली समाजवादको अर्थ पनि यही हो–राज्यसत्तामा पहुँच भएका सीमित वर्गको हित होइन, बहुसंख्यक जनताको जीवनस्तर उकास्ने संरचना। शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि-सुधार, प्रतिनिधित्व र सांस्कृतिक सम्मानमा बहुजनको प्राथमिकता सुनिश्चित नगरी समाजवादको चर्चा केवल औपचारिकता मात्र हुन्छ। "बहुजन हिताय, बहुजन सुखाय" को मूल भाव यही हो कि राज्यको नीति र स्रोत-साधन बहुसंख्यक जनताको कल्याणमा परिचालित होस्। समाजवादलाई व्यवहारमा उतार्न सामाजिक न्याय र समावेशी प्रतिनिधित्वलाई केन्द्रमा राख्नैपर्छ।

आगामी २०८२ सालको निर्वाचन बहुजन शक्तिहरूका लागि ऐतिहासिक अवसर बन्न सक्छ। मुद्दा मिल्ने शक्तिहरूबीच मत एकत्रित गर्न सके मधेशमा राजनीतिक समीकरण फेरिन सक्छ। तर मत-एकता केवल भावनात्मक अपिलमा आधारित हुनु हुँदैन। साझा कार्यक्रम, स्पष्ट प्रतिबद्धता र उत्तरदायित्वका आधारमा सहकार्य हुनुपर्छ। बहुजन समुदायले विगतका खोक्रा आश्वासनबाट पाठ सिकेर अब कार्यसम्पादन र विश्वसनीयताको आधारमा निर्णय लिनुपर्छ।

यो ऐतिहासिक जिम्मेवारी केवल राजनीतिक दलहरूको मात्र होइन। बहुजन बुद्धिजीवी, सामाजिक अभियानी, नागरिक समाज र युवा पुस्ताले वैचारिक स्पष्टता र नैतिक नेतृत्व प्रदान गर्नुपर्छ। मधेशी समाजलाई नयाँ ढङ्गले पुनर्गठन गर्नु आवश्यक छ–जातीय विभाजन र मनोवैज्ञानिक हीनताबोध तोडेर साझा आत्म-सम्मान निर्माण गर्नु। सामाजिक सुधारलाई जीवन-पद्धति बनाउँदै सामाजिक लोकतन्त्रलाई व्यवहारमा उतार्नु नै दीर्घकालीन रणनीति हुनुपर्छ। जात-व्यवस्थाको खारेज केवल कानुनी घोषणाबाट सम्भव हुँदैन; त्यसका लागि चेतना र व्यवहारमा रूपान्तरण चाहिन्छ। बहुजन चेतना पूर्वसर्त हो। यही चेतनाबाट वर्ण-व्यवस्था र त्यसको संरचनालाई चुनौती दिन सकिन्छ। जातलाई जमातमा बदल्ने बहुजन समाज निर्माण आजको आवश्यकता हो। जमातको अर्थ जातीय विभाजनबाट मुक्ति र साझा मानवताको स्थापना हो।

अन्ततः, खण्डित चेतनाबाट बहुजन शासक बन्न सक्दैन। माग्ने ठाउँबाट दिने ठाउँमा पुग्न बहुजन चेतना, संगठन र मत-एकता अपरिहार्य छ। असली समाजवादको स्थापना कुनै एक दलको विजय मात्र होइन; यो बहुसंख्यक पीडित समुदायको सामूहिक संकल्प र एकताको परिणाम हो। यदि मधेशी बहुजनले साझा लक्ष्य र साझा संघर्षको बाटो रोजे भने परिवर्तनको इतिहास लेख्न सकिन्छ। अन्यथा, विभाजनको चक्रले उनीहरूलाई सधैं किनारामै राखिरहनेछ। अहिलेको समयले बहुजन एकताको परीक्षा लिइरहेको छ। यही परीक्षामा सफल हुन सके मात्र "बहुजन हिताय, बहुजन सुखाय" को सपना यथार्थमा परिणत हुनेछ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ‘नौलो’ डाइनसोरको खोजले यसरी बदलिदियो ‘टी-रेक्स’को इतिहास

मङ्गोलियाको एक सङ्ग्रहालयमा रहेका सङ्ग्रहमाझ वैज्ञानिकहरूले डाइनसोरको नयाँ प्रजाति भेटेको बताएका छन्, जसले टिरानसोरसको उत्पत्तिको इतिहास नै बदलिदिएको छ।

झन्डै ८ करोड ६० लाख वर्ष पुराना दुई अस्थिपञ्जर अध्ययन गर्दा तिनीहरू ’टिरानसोरस’ भनिने ठूल्ठूला डाइनसोरको निकटतम पूर्वज प्रजातिको रहेको पाइएको अनुसन्धानकर्ताहरूले बताएका छन्। यस समूहमा ’टी-रेक्स’जस्ता चर्चित किसिमका डाइनसोर पर्छन्।

नयाँ पत्ता लागेको प्रजातिलाई अनुसन्धानकर्ताहरूले ’खानकूलू मङ्गोलिएन्सिस’ नाम दिएका छन्, जसको अर्थ मङ्गोलियाका ’ड्र्यागन प्रिन्स’ भन्ने लाग्छ।



*‘साना र छरिता सिकारी’*

’नेचर जर्नल’मा प्रकाशित उक्त शोधपत्रले टिरानसोरसहरू कसरी शक्तिशाली मांसाहारी सिकारीका रूपमा विकसित भए भन्ने देखाउँछ। डाइनसोरको युगको अन्त्य नहुँदासम्म यी समूहले उत्तर अमेरिका तथा एशियामा वर्चस्व कायम गरेका थिए।

“’प्रिन्स’ ले त्यो जीव अलि प्राचीन अनि सानो आकारको टिरानसरोइड भएको जनाउँछ,“ क्यानडाको यूनिभर्सिटी अफ क्याल्गरीका प्यालिओन्टोलजिस्ट प्राध्यापक डार्ला जेलेनित्स्कीले बताइन्। टिरनसोरोइड भन्नाले दुई खुट्टामा उभिएर हिँड्न सक्ने मांसाहारी डाइनसोरका विशाल समूह वा ’सूपरफ्यामली’लाई जनाउँछ।

तर प्रारम्भका टिरनसोरोइडहरू अलि साना थिए। प्राध्यापक जेलेनित्स्कीसँगै अनुसन्धानमा सामेल विद्यावारिधिका विद्यार्थी ज्यारेड भोरिस भन्छन्, “ती साँच्चै साना, छरिता सिकारी थिए, जो अन्य सिकारी डाइनसोरको छायामा विस्तार हुँदै गए।“

खान्कूलूले चाहिँ उत्पत्ति विकासमा क्रमभङ्गताको प्रतिनिधित्व गर्छन् - जुरासिक युगका साना छरिता सिकारीबाट टी-रेक्सजस्ता डरलाग्दा भीमकाय जीवसम्म।

उसको तौल सायद ७५० किलोग्राम हुँदो हो। वयस्क टी-रेक्स त तीभन्दा करिब धेरै गुनासम्म धेरै तौलका हुन्थे। “त्यसैले यो तिनको विकासक्रमको सङ्क्रमणकालीन समयको जीवाश्म हो,“ प्राध्यापक जेलेनित्स्कीले भनिन्, “प्राचीन साना टिरनसोरोइड र भीमकाय टिरनसोरसबीचको अवस्थाको।“

“यसको अध्ययनले हामीलाई टिरनसोरसको विकासक्रम वा ’वंशावली’लाई पुनरवलोकन गर्न र त्यसको बारेको बुझाइ परिवर्तन गर्न मद्दत गऱ्यो,“ उनले भनिन्।

*’बसाइँसराइ’ले सघाएको विकासक्रम*

नयाँ प्रजातिले टिरनसोरका विशिष्ट किसिमका खप्पर अनि बलिया चपाउने मुखका प्रारम्भिक विकास चरण पनि बुझाउँछ। ज्यारेड भोरिस भन्छन्, “उसको नाकको हाडमा हामीले देखेका विशेषता अन्ततः टिरनसोरसहरूको शक्तिशाली चपाउने दाह्राबङ्गारामा विकसित भए।“

त्यस्ता शक्तिशाली मुखको विकासले टी-रेक्सलाई अन्य ठूला सिकारमाथि झम्टन र हड्डीसमेत छेडेर चपाउन सक्षम बनायो।

हाल उनीहरूले अध्ययन गरेका यी दुई आंशिक अस्थिपञ्जर सुरुमा सन् १९७० ताका नै मङ्गोलियामा भेटिएका जीवाश्मका अंश हुन्। प्रारम्भमा तिनलाई डाइनसोरको अलेक्ट्रोसरस प्रजाति भन्ने ठानियो तर जब भोरिसले त्यसको अध्ययन गरे, उनले त्यसका टिरनोसरजस्ता विशेषता पहिचान गरे।

“मलाई उसले टेक्स्ट पठाएको सम्झना छ कि उसलाई यो त नयाँ प्रजाति हो भन्ने लागेछ,“ प्राध्यापक जेलेनित्स्कीले भनिन्।

त्यतिखेर साइबेरिया र अलास्काबीच जमिन जोडिएको स्थलबाट ती डाइनसोरका समूह उत्तर अमेरिका र एशिया आउजाउ गर्थे। यसले गर्दा तिनलाई विभिन्न स्थान कब्जा गरेर बस्न पनि मिल्यो।

भोरिसले भने, “महादेशबीच उनीहरूको त्यो आउजाउले दशौँ लाख वर्षको अवधिमा टिरनसोरस समूहका विभिन्न खाले विकासक्रम हुन सघायो।“

प्राध्यापक जेलेनित्स्की भन्छिन्, “यो खोजले हामीलाई के देखाएको छ भने राजा बन्नुभन्दा पहिले ती टिरनसोरसहरू राजकुमार (प्रिन्स) थिए।“ *बीबीसी न्यूज नेपाली*

# हिटलरको घर अब प्रहरी चौकी




नाजी तानाशाह एडोल्फ हिटलर जन्मिएको घरलाई अस्ट्रियाले प्रहरी चौकीमा रूपान्तरण गरेपछि उनको गृहनगर ब्राउनाउ एम इनमा बहस चुलिएको छ। सरकार उक्त भवनलाई अति-दक्षिणपन्थी चरमपन्थीहरूको आकर्षण केन्द्र बन्न नदिने उद्देश्यले नयाँ प्रयोगमा ल्याउन अग्रसर भएको हो।

सन् १८८९ अप्रिल २० मा हिटलर जन्मिएको उक्त घर सहरको केन्द्रमा साँघुरो पसलहरूले घेरिएको सडकमा अवस्थित छ। भवनअगाडि राखिएको स्मारक ढुङ्गामा ‘शान्ति, स्वतन्त्रता र लोकतन्त्रको रक्षा गरौँ। फासीवादी शासन फेरि कहिल्यै दोहोरिन नदिऔँ। लाखौँ मानिसको मृत्यु यसका लागि चेतावनी हो’ लेखिएको छ। यसै साता एएफपीले अवलोकन गर्दा जीर्णोद्धारको अन्तिम काम भइरहेको देखिएको थियो। गृह मन्त्रालयका अनुसार सन् २०२६ को दोस्रो त्रैमासिकभित्र प्रहरी त्यहाँ सर्ने तयारीमा छ।

सरकारले सन् २०१६ मा निजी मालिकबाट भवनको नियन्त्रण लिन विशेष कानून पारित गर्दै यसलाई ‘बेअसर’ बनाउने नीति अघि सारेको थियो। अस्ट्रिया सन् १९३८ मा नाजी जर्मनीद्वारा कब्जा गरिएको थियो र नरसंहारमा आफ्नो भूमिकाबारे विगतमा पर्याप्त आत्मस्वीकृति नगरेको आरोप खेप्दै आएको छ। नाजी शासनकालमा करिब ६५ हजार अस्ट्रियाली यहुदी मारिएका थिए भने एक लाख ३० हजार निर्वासनमा पठाइएका थिए।

स्थानीय बासिन्दा सिबिले ट्रेइब्लमेयरले यो निर्णयलाई ‘दुई धारको तरबार’ भएको प्रतिक्रिया दिए। उनका अनुसार यसले अति-दक्षिणपन्थी समूहलाई भेला हुन निरुत्साहित गर्न सक्छ, तर भवनलाई फरक ढङ्गले पनि उपयोग गर्न सकिन्थ्यो। नरसंहार पीडितहरूको प्रतिनिधित्व गर्ने मौथौसेन कमिटी अस्ट्रियाका सदस्य लेखक लुडविग लहरले प्रहरी चौकी बनाउने निर्णयलाई ‘समस्यापूर्ण’ बताए। उनका अनुसार प्रहरी राज्यको संरचनाअनुसार चल्ने भएकाले स्मृति र शान्ति संवादका लागि छुट्टै केन्द्र उपयुक्त हुने थियो।

यसअघि भवनलाई शान्ति निर्माण र ऐतिहासिक सचेतनाका कार्यक्रम सञ्चालन गर्ने स्थल बनाउने प्रस्तावले व्यापक समर्थन पाएको बताइएको छ। स्थानीय पसल व्यवसायी जस्मिन स्ट्याडलरले हिटलरको जन्मलाई ‘ऐतिहासिक सन्दर्भमा राखेर प्रस्तुत गर्नु रोचक हुने’ धारणा व्यक्त गरे। पुनर्निर्माणमा करिब दुई करोड युरो खर्च भएको विषयमा पनि आलोचना भएको छ।

तर सबै प्रतिक्रिया नकारात्मक छैनन्। इलेक्ट्रिकल इन्जिनियर वोल्फगाङ्ग लेथनरले भवनलाई प्रहरी चौकीमा रूपान्तरण गर्दा ‘केही शान्ति आउने’ विश्वास व्यक्त गरे। उनका अनुसार यसरी प्रयोग गर्दा भवन अति-दक्षिणपन्थीहरूको तीर्थस्थल बन्ने सम्भावना कम हुनेछ।

ब्राउनाउका कन्जरभेटिभ मेयरको कार्यालयले यस विषयमा टिप्पणी दिन अस्वीकार गरेको छ। यसबीच, अस्ट्रियामा नाजी अतीत र नरसंहार इतिहासलाई कसरी स्मरण र सम्बोधन गर्ने भन्ने बहस फेरि सतहमा आएको छ। अति-दक्षिणपन्थी फ्रिडम पार्टी सन् २०२४ को चुनावमा सबैभन्दा ठूलो दल बने पनि सरकार गठन गर्न असफल भएको थियो। गत वर्ष ब्राउनाउ एम इनमा नाजी स्मृतिसँग जोडिएका दुई सडकको नाम परिवर्तन गरिएको थियो। इतिहासको पीडादायी स्मृतिलाई कसरी रूपान्तरण गर्ने भन्ने प्रश्नबीच हिटलर जन्मिएको घरको नयाँ पहिचानले अस्ट्रियामा स्मृति, जिम्मेवारी र भविष्यको दिशाबारे पुनः बहस जगाएको छ।

# मानव-केन्द्रित कृत्रिम बुद्धिमत्तामा भारतको जोड

दैनिक समाचारदाता
जनकपुरधाम, १० फागुन । नयाँ दिल्लीमा आयोजित 'एआई इम्प्याक्ट समिट २०२६' मा विश्वका एक सयभन्दा बढी देशका राष्ट्रप्रमुख, सरकार प्रमुख, नीति निर्माता तथा प्रविधि विज्ञहरूको सहभागिता रहेको छ। मानव-केन्द्रित कृत्रिम बुद्धिमत्ताको अवधारणामा केन्द्रित उक्त सम्मेलनलाई भारतले आफ्नो प्रविधि-आधारित विकास यात्राको महत्वपूर्ण चरणका रूपमा प्रस्तुत गरेको छ।

सम्मेलनको उद्घाटन गर्दै नरेन्द्र मोदीले कृत्रिम बुद्धिमत्ता आगो, लेखन, बिजुली र इन्टरनेटजस्तै ऐतिहासिक परिवर्तन ल्याउने प्रविधि भएको बताए। उनले कृत्रिम बुद्धिमत्ता केवल मेसिनलाई बुद्धिमान बनाउने साधन नभई मानव अभिप्राय र कल्याणलाई सशक्त बनाउने माध्यम हुनुपर्ने धारणा राखे। प्रविधिले मानिसको सेवा गर्नुपर्ने र मानव-केन्द्रित विकासमा जोड दिनुपर्ने उनले स्पष्ट पारे।




सम्मेलनमा कृषि र सहकारी क्षेत्रमा कृत्रिम बुद्धिमत्ताको प्रयोगका उदाहरण प्रस्तुत गरिएका थिए। भारतीय दुग्ध सहकारी संस्था अमुल ले सञ्चालनमा ल्याएको डिजिटल सहायक 'सरलाबेन' मार्फत लाखौं दुग्ध किसानलाई आफ्नै भाषामा पशु स्वास्थ्य र उत्पादनसम्बन्धी जानकारी उपलब्ध गराइएको जनाइएको छ। त्यस्तै 'विस्तार' नामक कृत्रिम बुद्धिमत्ता-आधारित प्रणालीमार्फत किसानलाई मौसम पूर्वानुमानदेखि बजार मूल्यसम्मका सूचना प्रदान गरिँदै आएको जानकारी दिइयो।

सम्मेलनकै क्रममा भारतले मानव-केन्द्रित कृत्रिम बुद्धिमत्ता शासनका लागि 'मानव' रूपरेखा सार्वजनिक गरेको छ। यसमा नैतिकता, उत्तरदायित्व, समावेशिता, सार्वभौमसत्ताको सम्मान र कानुनी अनुपालनलाई आधारस्तम्भ बनाइएको छ। प्रधानमन्त्री मोदीले डीपफेक र भ्रामक सूचनाजस्ता जोखिमबाट जोगिन डिजिटल सामग्रीको प्रामाणिकता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय सहकार्य आवश्यक रहेको बताए।भारतले युवाशक्ति, सीप विकास र सुलभ प्रविधि पूर्वाधारमार्फत नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ। सम्मेलनलाई भारतले मानवता-केन्द्रित डिजिटल भविष्य निर्माण गर्ने साझा विश्वव्यापी प्रयासका रूपमा प्रस्तुत गरेको छ।

## चुनावको....

छ कि विभाजित मधेशवादी मतले केन्द्रीय राजनीतिक शक्तिलाई फाइदा पुऱ्याउने गरेको छ । यदि एउटै एजेन्डा बोकेका दलहरूबीच एकता टिकाउ हुन सकेन भने मधेशका जनताको अपेक्षा फेरि अधुरै रहने जोखिम छ ।

नेतृत्वको विश्वसनीयता पनि यहाँ केन्द्रीय विषय बनेको छ । बारम्बारको दल परिवर्तन, एकीकरण र पुनः विभाजनले मतदातामा निराशा र भ्रम सिर्जना गरेको छ । चुनावको मुखमा हुने यस्ता राजनीतिक चालबाजीलाई मतदाताले कसरी ग्रहण गर्छन्, त्यो परिणामपछि स्पष्ट हुनेछ ।तमलोपाको यो कदमले तत्कालीन शक्ति-समीकरणमा केही हलचल अवश्य ल्याउनेछ । तर दीर्घकालीन रूपमा यसले मधेश राजनीतिलाई आत्ममूल्यांकनको अवसर पनि दिएको छ । यदि दलहरू साँच्चै सिमान्तीकृत समुदायको प्रतिनिधित्व गर्न चाहन्छन् भने आन्तरिक लोकतन्त्र, पारदर्शिता र संस्थागत प्रक्रियालाई बलियो बनाउनैपर्छ ।

अन्ततः, चुनाव केवल सिटको प्रतिस्पर्धा होइन; यो विचार, विश्वसनीयता र प्रतिबद्धताको परीक्षण पनि हो । तमलोपाको अलगावले मधेशवादी राजनीतिलाई पुनः आत्मपरीक्षणको दहलीजमा उभ्याएको छ । अब हेर्न बाँकी छ–यो विभाजनले नयाँ सम्भावना जन्माउँछ कि पुनः विखण्डनको पुरानै कथा दोहोरिन्छ ।

## रौतहटको.....

साम्य पार्न जनमत पार्टिका रौतहट जिल्ला संयोजक तथा गौर -६ का पूर्व वडा अध्यक्ष शेख जमसैद र गौर -६ का वर्तमान वडा अध्यक्ष अवध बिहारी साहलाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारि भुषालले जानकारी दिनुभयो । सामाजिक सद्भावमा खलल पुर्याउने, ढुङ्गा मुडा गर्ने दर्जनौं व्यक्तिलाई यस अघि नै जिल्ला प्रहरी कार्यालय रौतहटले नियन्त्रणमा लिएको थियो ।

# रञ्जिता श्रेष्ठलाई धरौटीमा छाड्ने आदेश

दैनिक समाचारदाता
काठमाडौं १० फागुन । विशेष अदालतले पोखराको लिचीबारी भ्रष्टाचार प्रकरणमा पूर्वमन्त्री रन्जिता श्रेष्ठलाई धरौटीमा छाड्ने आदेश दिएको छ ।

आइतबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट, न्यायाधीश हेमन्त रावल र न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले पूर्वमन्त्री श्रेष्ठलाई पाँच लाख धरौटीमा छाडने आदेश दिएको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वभूमिसुधार मन्त्री राजकुमार गुप्ता र पूर्वमन्त्री श्रेष्ठले आपसी मिलेमतोमा पदको दुरुपयोग गर्दै कार्य सुविधा प्रदान गर्न २५ लाख रुपियाँ घुस लिएको अभियोग लगाएको थियो ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत असोज २२ गते पूर्वमन्त्री श्रेष्ठसहित ७ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको थियो ।

आयोगले श्रेष्ठसँग ७८ लाख रूपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो । पोखरा महानगरपालिका-१६ मा रहेको दीप विर्ता (लिची बगैँचा) मा रहेको भनिएको नक्सा नम्बर २५, २६ र २८ को जग्गाको सम्बधमा भ्रष्टाचार प्रकरणमा श्रेष्ठ जोडिएका हुन् ।

पोखराको बाटुलेचौरमा रहेको लिची बगान क्षेत्रको १३४ रोपनी जग्गा हडप्न पूर्वमन्त्री गुप्ता, नाउपा अध्यक्ष तथा पूर्वमन्त्री श्रेष्ठ र बिचौलिया सुजन लामाबिचको घुस डिल अडियो सक्कली भएको विधिविज्ञान प्रयोगशालाबाट पुष्टि भएपछि मन्त्री गुप्ताले राजीनामा दिएका थिए ।

## सप्तरीका २०९ मतदान स्थल अति सम्वेदनशील

दैनिक समाचारदाता
सप्तरी, १० फागुन । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि सप्तरीका २९८ मतदान स्थलमध्ये २०९ वटालाई अति सम्वेदनशील र ८३ वटालाई सम्वेदनशील सूचीमा राखिएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार सुरक्षा विश्लेषणका आधारमा वर्गीकरण गरी कडा सुरक्षा तयारी थालिएको छ । जिल्लाका चार निर्वाचन क्षेत्रमा २९८ मतदान स्थल र ५६२ मतदान केन्द्र कायम छन् । राजविराजस्थित कारागार र जिल्ला समन्वय समितिमा दुई अस्थायी मतदान स्थल रहनेछन् । जिल्लामा कुल ४ लाख ४६ हजार ४०२ मतदाता रहेका छन् ।

# सहकारी ठगीका दोषीलाई कारबाही हुनुपर्छ : कुलमान

दैनिक समाचारदाता
बुटवल १० फागुन । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले उज्यालो नेपाल पार्टी सबैभन्दा नयाँ र ऊर्जाशील पार्टी भएको दाबी गरेका छन् । उनले जेनजी आन्दोलनको मागलाई सम्बोधन गर्न आफ्नो पार्टी स्थापना भएको बताए ।

आइतबार पार्टीले रुपन्देहीको भैरहवामा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै अध्यक्ष घिसिङले टेस्टेड पार्टीहरू नयाँ नभएको बताए ।

उनले नेपाल विद्युत् प्राधिकरणमा आएपछि देशभरि लोडसेडिङको अन्त्य गरेको सुनाए । अब समग्र क्षेत्रको अँध्यारोलाई हटाएर सबै क्षेत्रमा लोडसेडिङ अन्त्य गरेर गरिब परिवारको अनुहारमा उज्यालो ल्याउन पार्टी अगाडि आएको



उनले बताए ।

पूर्वमन्त्री समेत रहेका घिसिङले मिटरब्याजी, लघुवित्त, सहकारी ठगीको काण्डले किसान र विपन्न मर्कामा परेको र पीडितहरूको समस्या समाधान गर्नका लागि आयोग गठेन गरेर दोषीमाथि कडा कारबाही गर्नुपर्ने आफूहरूको एजेन्डा रहेको बताए ।

# आजपाका उम्मेदवार महतो रास्वपा प्रवेश

दैनिक समाचारदाता
जनकपुरधाम, १० फागुन । धनुषा निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार सम्पत महतो आम जनता पार्टी (आजपा) परित्याग गरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गर्नुभएको छ । आइतबार ढल्केवरमा आयोजित एक कार्यक्रममा उहाँ औपचारिक रूपमा रास्वपामा प्रवेश गर्नुभएको हो ।

उहाँलाई रास्वपाका तर्फबाट सोही क्षेत्रका उम्मेदवार राजकिशोर महतोले पार्टीमा स्वागत गर्नुभयो । कार्यक्रममा आजपाका केन्द्रीय सदस्य सुनितादेवी महतो र फूलपस महतो, केन्द्रीय सदस्य तथा क्षेत्रीय अध्यक्ष भरोसा महरा र क्षेत्रीय सचिव रामविनोद पासवानसहितका नेता-कार्यकर्ताले पनि रास्वपा प्रवेश गर्नुभएको छ ।



रास्वपा प्रवेश गरेपछि सम्बोधन गर्दै सम्पत महतोले देशमा इमानदार नेतृत्व आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले बालेन शाह र रास्वपा सभापति रवि लामिछानेले उठाएको परिवर्तनको एजेन्डाबाट प्रभावित भएर आफू रास्वपामा आएको बताउनुभयो । उहाँले एक्लैले परिवर्तन सम्भव नहुने महसुस गरी पार्टी प्रवेश गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा रास्वपा उम्मेदवार राजकिशोर महतोले प्रगतिशील पथमा अघि बढिरहेको रास्वपामा आजपाका नेतृत्वकर्ता तथा उम्मेदवारको आगमनले पार्टी थप सुदृढ भएको बताउनुभयो ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४